# पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बैठक सङ्ख्याः-१०६**

**बैठक मितिः- २०८१/०३/०२**

**स्थानः- नगरपालिकाको सभाहल**

**निर्णय नं. १** आ.व. ०८०/०८१ को योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था र कार्यपालिकाका निर्णयको कार्यान्वयनको समीक्षा गरियो नतिजा सन्तोषजनक नै पाइयो ।

**निर्णय नं २ :.** नगरप्रमुख श्री तुलसी राम रेग्मीबाट पुतलीबजार नगरपालिकाको आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम सभामा पेश गर्ने निर्णय गरियो ।उक्त नीति तथा कार्यक्रमको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**निर्णय नं ३:.** नगर उपप्रमुख श्री देवी अर्यालबाट पुतलीबजार नगरपालिकाको आ.व.२०८१/०८२ को बजेट वक्तव्य सभामा पेश गर्ने निर्णय गरियो । आ.व.२०८१/०८२ को बजेट वक्तव्यको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**निर्णय नं. ४** पुतलीबजार नगरपालिकाको आर्थिक विधेयक २०८१/०८२ माथि छलफल गरी नगर सभामा प्रस्तुत गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** पुतलीबजार नगरपालिकाको विनियोजन विधेयक २०८१/०८२ माथि छलफल गरी नगर सभामा प्रस्तुत गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** पुतलीबजार नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन २०८० को प्रतिस्थापन विधेयक २०८१ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** पुतलीबजार नगरपालिका अर्न्तगत विभिन्न विषयगत समितिका संरचना उपर छलफल गरी कार्यपालिका द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम निम्नानुसारको थप समिति गठन गर्ने र साविकको समितिमा रिक्त सदस्य पदको मनोनयन गर्ने साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिमको सुशासन तथा विधायन समितिमा देहाय बमोजिम सदस्य मनोनयन गरी हेरफेर संसोधन तथा थपघट गरी सभामा प्रस्तावको रुपमा पेश गर्ने निर्णय गरियो ।

क. कानुन तर्जुमा समितिः-

संयोजकः- अनिता रुचाल,

सदस्यः- रवि सेन,

सदस्यः- तारादेवी बि.क. ।

ख. रिक्त पूर्वाधार समितिको सदस्य पदमा - कृष्ण कुमारी रेग्मी ।

**सभाद्वारा गठन हुने** (स्थानीय सरकार सञ्चालन ऐनको दफा २२ बमोजिम )

क. सुशासन समितिः-

संयोजकः- अमिर बक्स मियाँ,

सदस्यः- चन्द्र बहादुर गुरुङ,

सदस्यः- मिना दर्जी ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रे.
नगर प्रमुख

Scanned with CamScanner

ख. विधायन समितिः-

संयोजकः- मुबारक मियाँ,

सदस्यः- हिटलर पौडेल,

सदस्यः- लिलावती पौडेल ।

**निर्णय न. ८** पुतलीबजार नगरपालिकाको १५ औं नगरसभाको वैठक यही आषाढ ९ गते विहान १०:३० बजे, पु.ब.न.पा. १ स्याङ्जा बजार स्थित सिटी हलमा आयोजना गर्ने निर्णय गरियो । साथै उक्त नगरसभामा तपशिलमा उल्लेखित कार्यतालिका तय गर्ने निर्णय गरियो ।

तपशिलः-

| **क्र.स** | **समय** | **क्रियाकलाप /कार्यक्रम** | **कैफियत** |
|---|---|---|---|
| १ | बिहानको १०:२५ बजे | नगर सभासदस्य ज्यूहरु सभाहल प्रवेश | |
| २ | १०:३० | नगर सभाअध्यक्ष एवं नगर प्रमुखज्यु सभाहल प्रवेश | |
| ३ | | राष्ट्रिय गान (सामुहिक) | |
| ४ | | पानसमा दीप प्रज्वलन नगर प्रमुख ज्यूबाट | |
| ५ | | ज्ञात / अज्ञात सहिद हरु प्रति १ मिनेट मौनधारण | |
| ६ | | प्रमुख ज्युबाट नगर सभा संचालनको घोषणा सहित आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत | |
| ७ | | उप प्रमुख ज्यू बाट आ व २०८१/८२ को बजेट वक्तव्य सहित आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत | |
| **खाजा** | | | |
| ८ | | प्रस्तुत नीति कार्यक्रम तथा बजेट प्रस्तावमा छलफल | |
| ९ | | नीति तथा कार्यक्रमको समीक्षा तथा बजेट सम्बन्धी प्रस्ताव पारित एवं स्वीकृतिको लागि पेश | |
| १० | | उक्त प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने | |
| ११ | | लेखा समितिका संयोजकबाट प्रतिवेदन पेश गर्ने | |
| १२ | | प्रतिवेदन उपर छलफल | |
| १३ | | प्रतिवेदन पारित गर्ने | |
| १४ | | विद्यायन समितिका संयोजकबाट न्यायिक तथा विद्यायिकी कार्यहरुको प्रतिवेदन पेश | |
| १५ | | विधेयक तथा प्रतिवेदनउपर छलफल | |
| १६ | | विधेयक तथा प्रतिवेदन पारित गर्ने | |
| १७ | | संस्थागत सेवा प्रवाह सुशासन समितिका संयोजकबाट संस्थागत सेवा प्रवाह सुशासन सम्बन्धि प्रतिवेदन पेश | |
| १८ | | प्रतिवेदन उपर छलफल | |
| १९ | | प्रतिवेदन पारित गर्ने | |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २० | | प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट पेश भएका कार्यपालिकाका विभिन्न निर्णय तथा नीतिगत प्रस्तावहरुको अनुमोदन तथा स्वीकृति | |
| २१ | | उप प्रमुखज्यूबाट धन्यवाद ज्ञापन | |
| २२ | | अध्यक्षज्यूबाट सभाको समापन | |

**निर्णय नं.९** पुतलीबजार नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०८१, पुतलीबजार नगरपालिका सार्वजनिक सेवा प्रवाह मापदण्ड २०८१, मेलमिलाप कार्य सञ्चालन कार्यविधि २०८१, स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ का अवकाश कोषको व्यवस्था गरी स्थानीय सेवाका कर्मचारीको कानून बमोजिम अवकाश हुँदा उपदान, औषधीउपचार खर्च र सञ्चित विदाको रकम लगायतका सुविधा दिनुपर्ने व्यवस्था रहेको र हाल कोषमा पर्याप्त रकम मौजुदा नभएको अवस्था रहेकाले हालै अनिवार्य अवकाश पाउनुभएका श्री हरिकला दोरङ्गा र देहत्याग गर्नुभएका सरसफाईकर्मी हरिबहादुर नाम्जालीकी श्रीमतीबाट माग निवेदन भएबमोजिमको अवकाश प्राप्त योगदानको रकम प्रदान गर्न आ.व ०८०/०८१ नगरसभाबाट कर्मचारी कल्याण कोष शीर्षकमा विनियोजित रकम कल्याण कोषमा स्थानान्तरण गर्ने र वैकल्पिक श्रोत सुनिश्चित तथा व्यवस्थापन नभएको अवस्थामा विवेक सम्मत तरिकाले प्रचलित कानून बमोजिमको अवकाश योगदान रकम क्रमशः भुक्तानी गर्दै जाने निर्णय गरियो।

**निर्णय नं. ११** पुतलीबजार नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८, बमोजिम खुल्ला प्रकृया द्वारा नगर प्रहरी सहायक निरीक्षक १ जना र नगर प्रहरी जवान सहायकस्तर चौथो ४ जना गरी ५ जना जनशक्ति भर्ना तथा छनोट गरी नगर सुरक्षा ईकाई सञ्चालनमा ल्याउने निर्णय गरियो। साथै कार्यविधिको दफा तथा बुँदा नं. ११ मा उल्लेखित मापदण्ड योग्यता अर्न्तगतको (झ) को प्रावधानमा भारतीय सेनाबाट अवकाश प्राप्त गरेको समेत भन्ने वाक्याशं थप गर्ने निर्णय गरियो। त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रम मा रिक्त प्राविधिक सहायक पदमा पुतलीबजार नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि बमोजिमको समितिबाट भर्ना तथा छनोट गर्ने प्रकृया कार्यक्रमको मापदण्ड बमोजिम अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १२** यस नगरपालिका विरुद्ध अस्थायी क्रसर उद्योगका सम्बन्धमा उच्च अदालत पोखरामा परेको रिट निवेदन तथा मुद्दाको जवाफ प्रतिवेदन पेश गर्ने कार्यका लागि कानून व्यवसायी तथा वरिष्ट अधिवक्ता मुकुन्दराज अर्याल लाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. १३** यस नगरपालिका समक्ष हालै भएका प्रकोपका घटना बाट पुग्न गएको क्षतिको राहत स्वरुप नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट देहायबमोजिमको राहत रकम प्रदान गर्ने निर्णय गरियो।

१. पार्वती गुरुङ पु.ब.न.पा. १२ भीषण आगलागीबाट धन्सारमा भएको आगजनीबाट १४ वटा बाख्रा समेत अन्य धनमाल नष्ट भएकोले राहत स्वरुप रु ५००००।– प्रदान गर्ने।

२. वन वातावरण तथा विपद व्यवस्थापन विषयगत समितिका विभिन्न मितिका विभिन्न निर्णयको सर्मथन गर्ने निर्णय गरियो।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रोक
नगर प्रमुख

Scanned with CamScanner